# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## अजिरकोट गाउँपालिका
## गोरखा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

अजिरकोट गाउँपालिका

गोरखा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

अजिरकोट गाउँपालिका

गोरखा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१, जेठ** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(गण्डकी प्रदेश)

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

मितिः२०८१।०२।०९

प.सं. २०८०।८१

च.नं. ८४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

अजिरकोट गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

गोरखा।

१. **कैफियत सहितको राय** — हामीले अजिरकोट पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ६३ लाख १२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ६ लाख २० हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू– ३ लाख ५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३८ लाख ७४ हजार र नियमित गर्नुपर्ने रु. १५ लाख १२ हजार रहेको छ । अजिरकोट पालिकाको गतवर्ष सम्म रु. ७ करोड ४७ लाख ३९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ८ करोड ४ लाख ३१ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( जयराम घिमिरे )

**नायब महालेखापरीक्षक**

अजिरकोट गाँउपालिका,

गोरखा जिल्ला,

**१. चालु वर्ष २०७९।८० को बेरुजु**

**बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५४ | ३४ | ६३१२ | ० | ९ | ६२० | ५४ | २५ | ५६९२ | ३०५ | १५१२ | ३८७४ | ० | ० | ५३८६ | ० |

**२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)**

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ७५२३७ | ० | ४९८ | ७४७३९ | ० | ५६९२ | ८०४३१ |

**३. बेरुजु सम्परीक्षणको विवरण**

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **२०७९।८० (चालु वर्षको)** | २२.३ | कर कट्टीको बापत | ५४००० |
| | | ३१.१ | पूर्वनिर्धारित क्षतिपूर्ति | १६१८९० |
| | | ३१.२ | बढी भुक्तानी | ५००० |
| | | ४१ | बढी निकासा | ३६७१५ |
| | | ५१ | बढी भुक्तानी | ५००० |
| | | ५६ | बढी भ्रमण खर्च दिएको | १०४०० |
| | | ५८ | खर्चको प्रमाण पेश | २४०००० |
| | | ५९ | घटी कर कट्टी | १५०० |
| | | ६२ | दोहोरो भत्ता भुक्तानी | १०५६०० |
| | **चालु वर्षको जम्मा** | | | **६२०१०५** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७८।७९** | ७० | सामाजिक सुरक्षा भत्ता असुल गरेको | ३९११० |

| | | | | |
|---|---|---|---|---|
| | २०७५।७६ | ४७ | गाउपालिकास्तरीय खेलकुद प्रतियोगिता नियमित भई आएको | ४५९००० |
| | **गत विगतको जम्मा** | | | ४९८११० |
| | **कुल जम्मा** | | | **१११८२१५** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल १९८ वर्ग किलोमिटर तथा १३,००२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको आय-व्यय, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।२१ देखि २०८०।०५।२३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न

गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय-व्ययतर्फ रु.१,०६,०४,३६,१००.६६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । जसमध्ये सुत्र बाहिरको कारोबार (c-GAS मार्फत) रु.२३,६०,४५,७७२ सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र पालिकाका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा उपाध्यक्ष श्री अनिता भूजेलले मिति २०७८।०३।१० गते रु.४८ करोड ३२ लाख २० हजार को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१० मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले २०७९।०३।३० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **अबण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.१ करोड ५० लाख बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| क सं | योजनाको नाम | बजेट (हजार) |
|---|---|---|
| १ | विकास साझेदारी | ५००० |
| २ | सार्वजनिक निर्माण | ५००० |
| ३ | पूँजीगत मर्मत | ५००० |

६ **विपद् व्यवस्थापन कोष -** यस वर्ष कोषबाट विभिन्न प्रकारको विपद् सामना गरेका व्यक्तिहरुलाई रु.१,७२,००० राहत स्वरुप वितरण गरिएकोमा देखिएका व्यहोरा निम्नानुसार छन्

• गाउँपालिका विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७६ को बुँदा नं. ७(१) अनुसार कोषमा भएको रकम खर्च गर्न गाउँ विपद् व्यवस्थापन समितिको निर्णय हुनुपर्नेमा सो निर्णय समावेश भएको पाइएन।

• कार्यविधिको बुँदा नं. १२(४) मा वर्षमा कम्तिमा एक पटक कोषको सामाजिक र सार्वजनिक परीक्षण हुने व्यवस्था रहेकोमा सो गरेको पाइएन ।

• कार्यविधिको बुँदा नं. ७(२) मा समितिको बैठक बस्न सक्ने अवस्था नरहेमा समितिको बैठकबाट तत् पश्चात अनुमोदन गराउने गरी एक पटकमा बढीमा १० हजार रूपैयाँसम्म खर्च गर्न बाधा नपुग्ने व्यहोरा उल्लेख भएकोमा गाउँ कार्यपालिकाको मिति २०७९/०६/३१ को ८९ औं बैठकले रु.१५ हजारसम्म सहायता रकम दिने निर्णय प्रत्यायोजन गरेको छैन । कार्यविधिमा संशोधन गरी रकम सिमामा फेरबदल गर्नुपर्नेमा कार्यपालिकाको निर्णय टेकेर सहायता रकम वितरण भएकोले निर्णयमा सामन्ज्यता ल्याउनुपर्दछ।

७ **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **क्र.सं.** | **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिना** |
| १ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पूँजिगत खर्चतर्फ | १४८८५७१३९ | १८३१४३३ | ३२५९७५४७ | ११४४२८१५९ | ४,७८,६३,६८५ |
| प्रतिशत | | | १.२३ | २१.९ | ७६.८७ | ३२.१५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१४ करोड ८९ लाख निकासा भएकोमा प्रथम चौमासिकमा १.२३ प्रतिशत, दोस्रो चौमासिकमा २१.९ प्रतिशत र तेस्रो चौमासिकमा ७६.८७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४ करोड ७८ लाख ६४ हजार (३२.१५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

८ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.४७,३०,७३२ राजस्व बाँडफाँड र अनुदानबाट रु.३६,००,२४,३२० र बैङ्क मौज्दात रु.१३,६५,६४,०४५ समेत रु.५०,१३,१९,०९७ आम्दानी भएकोमा चालु तर्फ रु.२८,०३,६१,१२८ र पूँजिगत तर्फ रु.१४,८८,५७,१३९ र वित्तीय ब्यबस्था तर्फ शुन्य समेत रु.४२,९२,१८,२६८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१० प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.७२,३८,७६४ खर्च भएको छ जुन आन्तरिक आयको १५३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५.३२ प्रतिशत चालु र ३४.६८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ९६६६६६६ | २०४३११०१।५० | ५५.२७ |
| २ | सामाजिक विकास | २०९३४५००० | १७९५५२९१६ | ८५.७७ |
| ३ | पूर्वाधार विकास | १८९९५०००० | १३८२८७१४० | ७२.८० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २४४८०००० | १३१२१९०० | ५३.६० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९४१५१६२९ | ७७८२५२०८ | ८१.९६ |
| जम्मा | | ५५५६९३२९५ | ४२९२१८२६५.५ | ७७.२४ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ८५.७७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा घटीमा ५३.६० प्रतिशत रहेको छ ।

१० **खरिद गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१४ करोड ८९ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

११ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल २०९ योजनामा वजेट विनियोजन गरेको छ।

| **रु. ५ लाखसम्म** | **रु ५ लाखदेखि १० लाख सम्मका** | **रु १०ला ख देखि १५ लाखसम्मका** | **रु १५ लाखभन्दा बढीको** | **जम्मा** |
|---|---|---|---|---|
| १६४ | २७ | २ | १६ | २०९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१२ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ९ वटा ऐन, २ वटा नियमावली, २४ कार्यविधि लगायत ३५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

१३ **न्यायिक समिति -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप

प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण यस वर्ष कुल २० विवाद दर्ता भएकोमा ५ वटा मात्र फस्यौंट भई १५ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१४ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा साउन २ गते स्वीकृत भएको पाइयो ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,

• संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य

गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । यस सम्बन्धमा गत विगतको लेखापरीक्षणमा समेत औंल्याइएकोमा हालसम्म सुधार भएको पाइएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१५ **स्थानीय तथ्याङ्क -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१६ **दरबन्दी र पदपूर्ति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, इन्जीनियर सहित १२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१७ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ४ निकाय, व्यक्ति तथा संस्थालाई रु. ११४८७,००० पेश्की दिएको छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.११४८७,००० फस्योंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्योंट गर्नुपर्दछ।

| **क स** | **विवरण** | **म्याद ननाघेको रकम** |
|---|---|---|
| १ | अमृत - जलुकेनी - हरिततारा जे.भी. | २७,८०,००० |
| २ | जयमाता कन्स्ट्रकसन | ३९,०७,००० |
| ३ | गोल्डेन/न्यू मनकामना जे.भी | २४,००,००० |

| | | |
|---|---|---|
| ४ | गोल्डेन/न्यू मनकामना जे.भी | २४,००,००० |
| जम्मा | | ११४८७००० |

१८ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१९ **सामाजिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२० **सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) -** महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक सम्पतिलाई ब्यवस्थित रुपमा राख्न सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली ( PAMS) लागु गरेको छ। यस पालिकाले गत विगत वर्षमा खरीद गरेका वा हस्तान्तरण भई आफ्नो नाममा रहेका सम्पति र यो वर्ष खरीद गरेका सम्पति महालेखा नियन्त्रक कार्यालयले कार्यान्वयनमा ल्याएको उक्त प्रणालीमा प्रवृष्टि गरी पालिकाको सम्पति व्वस्थित गर्नुपर्नेमा सो नहुदा पालिकाको सम्पति एकिन गर्न नसकिने हुदा अविलम्ब उक्त प्रणाली लागु गरी सम्पतिको दाखिला गर्नु पर्दछ।

२१ **कन्टिन्जेन्सी खर्च -** यो पालिका र बारपाक सुलिकोट पालिकाको सीमानामा पर्ने दरौंदी नदिमा नदिजन्य पदार्थ संकलनका लागि सहमती भए अनुरुप खर्च रकम व्यहोर्न विभिन्न शीर्षकको कन्टिन्जेन्सी रकमबाट रु.३१ लाख खर्च गरेकोमा संकलित ढुङ्गा गिट्टीको विक्री गर्न टेण्डर बारपाक सुलिकोट गाउँपालिका र यस पालिकाबाट संयुक्तरुपमा गर्ने भनेकोमा हालसम्म भएको पाइएन । जसले गर्दा भएको खर्चको औचित्य पुष्टि हुन सकेको छैन । तसर्थः समयमा टेण्डर प्रक्रिया अगाडी बढाई राजस्व प्राप्त गर्ने र आम्दानी बाध्ने तर्फ ध्यान दिनुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,००,००० |

२२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS)

अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१ | | | |
|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | |
| विवरण | यस वर्ष रु. | | गतवर्ष रु. |
| | बजेट | खर्च जम्मा | खर्च जम्मा |
| प्राप्ती (क+ख) | ५६,६१,८२,०२८.१२ | ३८,१०,४९,३२७.८८ | ५६,३३,६२,३०६.०९ |
| क. प्राप्ति | ५५,५६,९३,२९५.४१ | ३७,५७,१०,६४४.८८ | ५५,७५,०६,१३८.३७ |
| ११००० कर | ८,६२,५८,०००.०० | ७,०९,३३,६९३.५८ | ६,८१,८८,७६४.५८ |
| १३००० अनुदान | ३४,३०,१२,६६६.०० | २९,९५,६१,६९१.६५ | ३२,७१,९४,०००.०० |
| संघीय सरकार | ३१,५८,१६,६६६.०० | २८,३१,५२,३३९.६५ | ३०,८८,०५,०००.०० |
| प्रदेश सरकार | २,७१,९६,०००.०० | १,६४,०९,३५२.०० | १,८३,८९,०००.०० |
| १४००० अन्य राजस्व | ५०,८४,०००.०० | ५२,१५,२५९.६५ | १६,२१,२३,३७३.७९ |
| ३२००० वित्तीय सम्पत्ति | १२,१३,३८,६२९.४१ | ० | ० |
| ख. अन्य प्राप्ति | १,०४,८८,७३२.७१ | ५३,३८,६८३.०० | ५८,५६,१६७.७२ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ३,४१,१५०.०० |
| कोषहरु | १,०४,८८,७३२.७१ | १२,५६,३००.०० | २४,१७,०००.०० |
| धरौटी | ० | ४०,८२,३८३.०० | ३०,९८,०१७.७२ |
| भुक्तानी (ग+घ) | ५६,६१,८२,०२८.१२ | ४४,३३,४१,०००.७८ | ३९,०८,८४,०१४.३९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५५,५६,९३,२९५.४१ | ४२,९२,१८,२६८.०४ | ३८,८०,३१,५९५.३९ |
| २१००० पारिश्रमिक / सुविधा | ३,५७,१९,०००.०० | २,९३,१४,७८४.१६ | ९,३१,०५,१०३.४६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ६,९७,२६,६६६.०० | ३,७५,४५,२३३.६१ | १२,५१,७२,३०६.११ |
| २५००० सहायता (Subsidy) | ३,९२,८५,०००.०० | २,७५,०४,८२१.०० | ० |

| | | | |
|---|---|---|---|
| २६००० अनुदान | १६,१५,३१,०००.०० | १४,७८,९९,६६०.६५ | ० |
| २७००० सामाजिक सुरक्षा | ४५,००,०००.०० | ३५,००,०००.०० | ४५,८६,९७५.०० |
| २८००० अन्य खर्च | ३,५८,५१,६२९.४१ | ३,४५,९६,६२९.४० | ८,५८,२३०.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २०,९०,८०,०००.०० | १४,८८,५७,१३९.२२ | १६,४३,०८,९८०.८२ |
| घ. अन्य भूक्तानी | १,०४,८८,७३२.७१ | १,४१,२२,७३२.७४ | ३९,०८,८४,०१४.३९ |
| कोषहरु | १,०४,८८,७३२.७१ | १,४१,०२,५३२.७४ | २४,६५,१०८.०० |
| धरौटी | ० | ७४,२००.०० | ३,८७,३११.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -५४,०००.०० | |
| ङ. यो वर्षको बचत (न्युन) | | (६,२२,९१,६७२.९०) | १७,२४,७८,२९१.७० |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १४,९७,२०,२३६.१९ | ७७,९३,८७३.०९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ८,७४,२८,५६३.२९ | १८,०२,७२,१६४.७९ |
| बैंक तथा नगद बाकी | | ९,४४,६४,९६५.०३ | १७,७९,३२,५८७.१८ |

२२.१ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०,०९,३६,६५० र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१,७०,८६,२३६ गरी रू.११,८०,२२,८८६ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२२.२ पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको सुत्रमा गत वर्ष रु.१७,७९,३२,५८७.१८ मौज्दात रहेकोमा यो वर्ष रु.१४,९७,२०,२३६.१९ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२,८२,१२,३५०.९९ घटी जिम्मेवारी सारेको सम्बन्धमा हिसाब मिलान विवरण पेश गरेको छ ।

| | विवरण | रकम |
|---|---|---|
| १ | सुत्रले देखाएको २०७८/७९ को मौज्दात | १७,७९,३२,५८७.१८ |
| २ | घटः चालु खर्च खाताबाट शर्शत अनुदान फिर्ता | (३,३९,५१,६२९.४१) |
| ३ | थपः विविध कोषको रकम नदेखिएको | ४६,७७,८१७.४२ |
| ४ | थपः २७२ ले २०७८/७९ मा नदेखाएको विविध खर्च खातामा मौज्दात रकम | १०,६१,४६१ |
| | यस वर्ष सारेको २०७८/७९ को मौज्दात | १४,९७,२०,२३६.१९ |

२२.३ ........... *(प्रारम्भिक प्रतिवेदन उपर करकट्टी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२४ को निर्णयबाट रु. ५४,००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२२.४ सुत्र अनुसारको वार्षिक प्रतिवेदन यस वर्ष कोषतर्फ प्राप्तिमा रु.१२,५६,३०० उल्लेख भएकोमा प्रकोप व्यवस्थापन कोषतर्फ शुरु मौज्दात रु.७,०७,२७७ र प्राप्ति रकम रु.५,००,००० गरी जम्मा आम्दानी रु.१२,०७,२७७.६० रहेकोमा सो रकम शुरु मौज्दातमा समावेश भएको देखिन्छ । सुत्रमा यस वर्ष थप रकम समेत शुरु मौज्दातर्फ समावेश भएकोले प्राप्ति रकम रु.५,००,००० ले घटी लेखाङ्कन भएको छ तथा गर्त वर्षको जिम्मेवारी सोही मात्राले बढी लेखाङ्कन भएको छ ।

२३ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

२४ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च रु. हजारमा | आन्तरिक आय रु. हजारमा | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३३,१२,५७ | ४७,३१ | १.४३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.४३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२५ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | १६,००० | १,१३,८६१ | ७१२ |
| घरजग्गा वहाल कर | ३,००,००० | ३,५५,२१६ | ११८ |
| व्यवसाय कर | ३,००,००० | ४,०३,१४६ | १३४ |
| वहाल विरौटी शुल्क | ० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२६ **राजस्व असुली -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी पालिका आन्तरिक राजस्व खातामा जम्मा भएको रकम अनुसार भौचर उठाउने परिपाटी रहेकोमा वास्तविक उठ्नुपर्ने राजस्व यकिन गरी सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा व्यवस्थित गर्नुपर्दछ । केही उदाहरणः

| **क्र.सं.** | **गो.भौ.नं.** | **मिति** | **जम्मा रकम** | **विवरण** |
|---|---|---|---|---|
| १ | ३० | २०७९/११/२६ | ६३,५०० | गा. पा. मा संकलित राजस्व |
| २ | ४६ | २०८०/०३/३१ | ३२,८१० | वडा नं. १ |
| ३ | ४७ | २०८०/०३/३१ | ६९,८३९ | वडा नं. ३ |
| ४ | ५० | २०८०/०३/३१ | १,५४,२८० | गा. पा. मा संकलित राजस्व |

| | | | | |
|---|---|---|---|---|
| ५ | ५१ | २०८०/०३/३१ | ८५,४२७ | वडा नं. ४ |
| ६ | ५३ | २०८०/०३/३१ | १,७७,७१५ | वडा नं. २ |
| ७ | ५५ | २०८०/०३/३१ | १,७७,४५५ | गा. पा. मा संकलित राजस्व |
| ८ | ५७ | २०८०/०३/३१ | ८१,८६४ | वडा नं. ५ |

२७ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.४ लाख ३ हजार कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२८ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शीर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले दहत्तर बहत्तर शुल्क अन्तर्गत अर्भान कन्स्ट्रक्सन प्रा. लि. (६०४३८६५८०) बाट मूल्य अभिवृद्धि कर रु.२,२५,५५० असुल गरेको तर राजस्व शीर्षक नं.३३११४ मा दाखिला गरेकोले ३३३१७ मा दाखिला गर्नुपर्दछ ।

२९ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.७० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.४७,३०,७३२ अर्थात अनुमान भन्दा ३२.४२ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३० **बीमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

| **ठेक्का नं** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **कैफियत** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| NCB/Works/02/2078-79 | शुभम् निर्माण सेवा | ५८,८६,९०८ | बीमा नगरेको |

३१ **घ्याच्चोक आवासिय विद्यालय निर्माण -** ठेक्का नं. NCB/Works/02/2078-79 (घ्याच्चोक आवासिय विद्यालय निर्माण तथा सञ्चालन) को भौ.नं. ८, २०८०-०१-११ बाट यस वर्ष अन्तिम भुक्तानी भएकोमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३१.१ ✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर पाम्स दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२४ को निर्णयबाट रु.१,६१,८९० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३१.२ ✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२४ को निर्णयबाट रु. ५,००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३१.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी हुनुपर्ने उल्लेख छ । यस योजनामा ईट्टा लगाउने कार्यमा झ्यालको अंश ०.५७९६ घन मिटर घटाउनुपर्नेमा जोड गरेकोले असुल गर्नुपर्ने रु.

| क्र.सं. | परिमाण (घन मिटर) | दर | रकम | मू. अ. कर | जम्मा | असुल गर्नुपर्ने (दोहोरो असर) |
|---|---|---|---|---|---|---|
| १ | ०.५७९६ | १३००० | ७५३४.८ | ९७९.५२ | ८५१४.३२ | १७०२८.६४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,०२८.६४ |

३२ **नम्की कोलकाटे भिरकुना भञ्याङ सडक स्तरोन्नती -** संघीय समपुरक आयोजना अन्तर्गतको उक्त सडक निर्माणका लागि निर्माण व्यवसायी अमृत/जलुकेनी/हरिततारा जे. भी., काठमाडौंसँग मिति २०७७।१२।१६ मा रु.४,५७,३०,८७३।९९ (with VAT & PS) को सम्झौता भएको देखिन्छ । शुरु सम्झौता बमोजिम उक्त कार्यको सम्पन्न गर्ने मिति २०७९।०५।३० सम्म रहेकोमा म्याद थप भई मिति २०८० चैत्र मसान्तसम्म रहेको छ । उक्त कार्यको भेरिएशन आदेश जारी भई कार्यपालिकाबाट स्वीकृत गरेकोबाट नयाँ सम्झौता रकम रु.५,२५,४७,८२३।७८ रहेकोमा पाँचौ रनिङ्ग बिलको भुक्तानी मिति २०८०।०३।२३

सम्म रु.३,२६,७३,०८४।८७ को काम भएको देखिन्छ । उक्त निर्माण कार्यको सम्बन्धमा निम्नानुसार गर्नुपर्ने देखिएको छ ।

३२.१ उक्त कार्यको पेश्की जमानतको म्याद २०७९ माघ ६ गते सम्म रहेकोमा सो अवधिसम्म केही पेश्की फस्यौंट भई रु.२०,८५,०००।०० पेश्की बाँकी देखिएकोमा यो आ. व. मा रु.१३,९०,००० फस्यौंट भई रु.६,९५,००० बाँकी रहेको छ । नियमानुसार पेश्की बाँकी रहेको अवस्थामा पेश्की जमानतको म्याद थप गर्नुपर्नेमा नगरेकोले नियमको पालना गरेको पाइएन ।

३२.२ उक्त कार्यको सम्पन्न गर्ने अवधि मिति २०८० चैत्र मसान्तसम्म रहेकोमा बीमाको अवधि मिति २०७९ भाद्र मसान्तसम्म र थप १२ महिना रहेकोले बीमाको म्याद समाप्त भएको छ । तसर्थः मिति २०८० चैत्र मसान्त सम्मको बीमा नवीकरण गर्नुपर्ने देखिएको छ ।

३३ **झ्याल्ला भुमे मन्दिर तथा पर्यटकीय पूर्वाधार निर्माण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल, भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यहोरा उल्लेख छ । झ्याल्ला भुमे मन्दिर तथा पर्यटकीय पूर्वाधार निर्माण कार्यको अन्तिम बिल भुक्तानी गर्दा प्रोभिजनल सम अन्तर्गत भनी रु.२५ हजार खर्च गरेको भनेकोमा सोको छुट्टै बिल पेश नगरेको तथा निर्माण व्यवसायीको बिजकमा समेत उक्त खर्च समावेश गरेको पाइएन । एज बिल्ट नक्साको रकम भुक्तानी गरेको भनिएकोमा एज बिल्ट नक्सा पेश नभएकोले उक्त खर्च लेख्न मिल्ने देखिँदैन । तसर्थः उक्त खर्च रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २५,००० |

३४ **५ शैया अस्पताल निर्माण**

३४.१ निर्माण स्थलको बारेमा अध्ययन नगरी डि पि आर गर्ने तथा सोहीअनुसार डिजाइन तयार गर्ने कार्य गरेकोले सुरुको डिजाइन परिवर्तन गर्नुपरेको कारण बढी व्ययभार पर्न गएकोतर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्ने देखिन्छ । यसरी भेरियशन आदेश जारी पछि थप भएको कामको केही उदाहरण यसप्रकार छन्ः

| | आइटम | शुरु परिमाण | ल ई दर | BOQ दर | VO पछि परिमाण | VO परिमाण | दर | बढी रकम | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | Earthworks | १९३.२८ | ४४२.७५ | १५० | ११९२.५७ | ९९९.१९ | १५० | १४९८७८ | ५१७ |
| २ | UPVC door and shutter | १३४.४६ | ११९३१.२५ | ६५०० | १९०.०४ | ५५.५८ | ६५०० | ३६१२७० | ४१.३३ |
| ३ | UPVC window with frame | ८६.४० | १०७२३.७५ | ७००० | १४९.७६ | ६३.३६ | ७००० | ४४३५२० | ७३.३३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | Reinforcement works | ६८४३४.८३ | १२६.७२ | १०० | ८५५४३.५४ | - | १०० | १७१०८७१ | २५ |
| ५ | Reinforcement work bars, foundation new item | - | १५१.६३ | - | ३२४९९.२३ | | १४४.०५ | ४६८१५१४ | १०० |
| | | | | | | | | ७३४७०५४ | |

३४.२ अस्पताल भवन निर्माण गर्नका लागि जयमाता इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा. लि. सँग मिति २०७८।०३।०१ मा रु.४,९८,०३,०७५।६५ (मू अ कर र पि.एस समेत) को सम्झौता भएकोमा उक्त कार्यको डिजाइन परिवर्तन गर्नुपर्ने भएकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई मिति २०७८।१२।१७ मा पत्र लेखेको पाइयो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७९।०५।१७ को पत्रबाट अस्पतालको नक्सा review गरेको भनी पत्राचार गरेको छ । सो पछि पालिकाले उक्त कार्यको retaining wall, footing size and foundation depth लगायतमा थप कार्य गर्नुपर्ने भनि भेरियसन आदेश जारी गरी मिति २०८०।०१।२० गतेको गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गराएको छ । भेरियसन पछि उक्त कार्यको सम्झौता रकम रु.५७२१५३८२।३३ भएकोले सुरु सम्झौता रकमभन्दा रु.७४१२३०१ (१४.८८ प्रतिशत) बढी भएको छ ।

३४.३ भेरियशन जारी तथा स्वीकृत पश्चात पनि retaining wall र backfilling कार्यको लागि गाउँ कार्यपालिकाबाट बजेट स्वीकृत गरी कोटेशन मार्फत दुईपटक कार्य गराई दुईवटा फर्मलाई निम्न गो.भौ.नं. र मितिबाट रु.१९१६९५२।०० भुक्तानी गरेकोले सो कार्यमा थप व्ययभार पर्न गएको देखिन्छ । पालिकाले निर्माण कार्यको लागत अनुमान तयार गर्दा विशेष ध्यान पुऱ्याइ यस प्रकारको थप व्ययभारलाई कम गर्नुपर्दछ ।

| भौ.नं-मिति | भुक्तानी पार्टी | रकम |
|---|---|---|
| ७-२०७९।०७।२१ | सुप्रिम बिल्डर्स प्रा. लि. | ९६२४६८ |
| ७४-२०७९।१२।१२ | सक्षम इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ९५४४८४ |

३५ **संयुक्त उपक्रम (जे. भी.) ले एकभन्दा बढी काम गर्न नमिल्ने -** काफलडाँडा बुद्धासिंहटार चेपे बाटो स्तरोन्नतिको निर्माण कार्यका निर्माण व्यवसायी गोल्डेन/न्यू मनकामना जे. भी. काठमाडौंले उक्त कार्यको प्रथम बील भुक्तानी लिँदा बिजक नं. १ -२०८०/०२/०७ जारी गरेकोमा दोश्रो बीलको भुक्तानी लिँदा बिजक नं. ११-२०८०/०३/१५ जारी गरेबाट अन्यत्र काम गरी बिजक जारी गरेको देखिन्छ । सो जे.भी.ले पालिका अन्तर्गतको वडा नम्बर ३ खेल मैदान निर्माण उपभोक्ता समितिसँग मेशिन प्रयोग गरेको सम्झौता अनुसार बिजक नं. ५-२०८०/०२/२६ बाट रु.१०,३७,३४०।०० को बिजक जारी गरेको छ

। यसरी नियमानुसार संयुक्त उपक्रमले एकभन्दा बढी काम गर्न नमिल्ने भएकोले उक्त भुक्तानी लिएको रकम अनियमित भएको रु

| | |
|---|---|
| अनियमित भएको | १०,३७,३४० |

३६ **बढी नापी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी हुनुपर्ने उल्लेख छ । देवलस्वाँरा सामुदायिक भवन निर्माण कार्यको मूल्याङ्कन गर्दा 1.5 x 1.2 झ्याल राखिएकोमा सो अनुसार ५.४ घन मिटरको चौकोस बनाउने कार्यको नापी हुनुपर्नेमा निम्नानुसार बढी नापी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| क्र.सं. | विवरण | लम्बाई | | | चौडाई | उचाई | फरक परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | हुनुपर्ने | भएको | फरक | | | | | |
| १ | Frame(chaukosh) of local wood including Joining | ५.४ | ७.८ | २.४ | ०.१ | ०.०७५ | ०.०१८ | ११६९१६.१२ | २१०४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१०४ |

३७ **ग्याबियनको फरक गणना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी हुनुपर्ने उल्लेख छ । निम्नानुसार योजनाहरुको लागत अनुमान तयार गर्दा १.५x१x१ को ग्याबियन तारजालीको surface area ८ वर्ग मिटर हुने भएकोले सो ले गुणा गर्नुपर्नेमा ९ वर्ग मिटरले गुणा गरि रु.७,२७३.७० को दर राख्नुपर्नेमा रु.७,६५८.६६ भएकोले बढी दर रु.३८४.९६ प्रति ग्याबियन बक्सको हिसाबले निम्नानुसार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| क्र.सं. | गो.भौ. र मिति | योजनाको विवरण | ग्याबियन बक्स संख्या | बढी भुक्तानी दर | बढी भुक्तानी रकम | कार्यालय योगदान प्रतिशत | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|
| १ | १११, १२-३० | घ्याच्चोक स्वास्थ्य चौकी | १९ | ३८४.९६ | ७३१४.२४ | ८८.०० | ६४३६.५३ |
| २ | १९१, ३-०३ | धनसिरा पाचगाउँ चिसाङ नयाँ सडक | ४६ | ३८४.९६ | १७७०८.१६ | ८९.६७ | १५८७८.९० |
| | **जम्मा** | | | | | | **२२,३१५.४३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,३१५.४३ |

३८ **उपभोक्ता समितिको काममा मेशिनरी प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाकटरबाट गराउन नपाइने भन्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गत भएका कतिपय कामहरुमा निर्माण व्यवसायीबाट मेशिनरी प्रयोगको मार्फत गराएको पाइएकोले नियमको पालना भएको पाइएन । नियममा भएको व्यवस्थाको पालना गर्नतर्फ सम्वन्धित पक्षले ध्यान दिनुपर्ने देखिन्छ । उदाहरणः

| कामको विवरण | लागत अनुमान र संझौता रकम | कार्य सम्पन्न रकम | भुक्तानी रकम | मेशिन प्रयोग रकम |
|---|---|---|---|---|
| लामीडाँडा आमडाँडा दोभान खेल मैदान | ४५४५२९ | ३९५६७० | ३३६७८८ | ३९१८८४ |
| कुलमन बतासे धादिङगरा सडक | ४५५१२२ | ४४२१५९ | ३७५८६१ | ३१९८४६ |
| भच्चेक बतासे मुलडाँडा सडक | ६५९६८७ | ६२५१०४ | ५४९७९३ | ३३०२८३ |
| वडा नम्बर ३ खेलमैदान निर्माण | १०८९८३८ | ९२३२४७ | ८१९७७३ | १०३७३४० |
| भेडीखर्क असारेडाँडा विसारखर्क सडक निर्माण | - | - | ५७३६५३ | ६४९५०५ |
| देवल स्वाँरा तुर्ती लदिखोला सडक विस्तार | | | ६२४३०८ | ७००५६० |

३९ **एकमुष्ट नापी** (३-२०७९-७-६): सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ वमोजिम सार्वजनिक निकायले निर्माण कार्यको विल वा विजकको भुक्तानी दिंदा यर्थात नाँपजाँच गरी सोको आधारमा नापी कितावमा चढाउनु पर्ने व्यवस्था छ। सडकको कामको दर र परिमाणको क्यालकुलेसन सिटको आधारमा कार्यको यर्थाथ नाँपजाँच गरी कायम भएको कार्यको भुक्तानी दिनुपर्नेमा पालिकाले घ्याच्चोक सार्वजनिक बाटो सरसफाई योजनामा सो समावेश नगरी ४ किलो मिटरसम्मको लम्बाई एकुमुष्ट नापी गरी भुक्तानी दिएको देखिंदा सो कार्यको यर्थाथता यकिन गर्न सकिएन ।

| **क्र. सं.** | **विवरण** | **लम्बाई** | **चौडाई** | **उचाई** |
|---|---|---|---|---|
| १ | बालुवा देखि मिलिम | ३२५० | ४ | ०.१५ |
| २ | पात्ले डाँडा देखि घ्याच्चोक | ३१०० | ४ | ०.२ |
| ३ | घ्याच्चोक देखि धनशिरा | ४१०० | ४ | ०.२ |

४० **शिक्षक तलबभत्ता -** विद्यालयमा कार्यरत शिक्षकको तलब निकासा गर्दा शिक्षकको नियुक्ती, विद्यालय उपस्थित भई अध्यापन गराएको प्रमाणित हाजिर र सोही अनुसारको माग फारमको आधारमा गर्नुपर्दछ । पालिकाले आर्थिक वर्ष २०७९।८० को लागी विभिन्न २७ वटा विद्यालयका उच्च माध्यामिक विद्यालय, माध्यामिक विद्यालय तथा आधारभूत विद्यालयका शिक्षकको तलब भत्ता रु ९५०२८६८१ भुक्तानी गर्दा शिक्षक

विद्यालयमा उपस्थित भई अध्यापन गराएको प्रमाणित हाजिर संलग्न गराएको पाइएन । प्रमाणित हाजिर बिना तलब भत्ता भुक्तानी गर्दा विद्यालय छोडेका वा नँया नियुक्ती लिएका शिक्षकको घटी बढी निकासाको सम्बन्धमा यकिन हुन सकिएन । तलब निकासा माग गर्दा हाजिरी पेश गर्ने, अघिल्लो चौमासिकको तलबी भरपाई, कोष कट्टी विवरण, कर कट्टी विवरण अनिवार्य रुपमा पेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४१ **बढी निकासा -** ज्ञानज्योती माध्यामिक विद्यालयका शिक्षिका श्री इन्दिरा अर्याल रमाना भई जाँदा दिएको रमानापत्रमा तलब भत्ता बुझेको अन्तिम मिति २०७९।०९।२० रहेको तर तेस्रो त्रैमासिकको तलब निकासा गर्दा नीज शिक्षिकाको पनि २०७९।११।३० सम्मको रु. ९३२७२ तलब निकासा भएको पाइयो । रमानामा उल्लेख गरेको भन्दा बढी समयको निकासा भएको तलब भत्ता सम्बन्धमा रमाना भइ जाने स्थानीय निकायबाट उक्त अविधको तलब भत्ता नवुझेको प्रमाणित कागजात पेश गर्नुपर्ने अन्यथा असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु..

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१।०१ ।२४ को निर्णयबाट प्रतिक्षा अछामि रु. ३६७१५।- सम्परीक्षण गरिएको । )***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९३,२७२ |

४२ **निशुल्क पाठ्यपुस्तक अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं २.४.६.१ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत संचालित सामुदायिक विद्यालयका कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने, यसरी उपलब्ध गराएको अनुदानबाट विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने र पाठ्यपुस्तकको उपलव्धता र वितरणको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईमार्फत शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस बर्ष पाठ्यपुस्तक खरिद तथा वितरण गर्न रु १७८११८८।- विभिन्न विद्यालयहरुलाई निकासा दिएको छ । उक्त निकासाबाट विद्यालयहरुले पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाई वितरण गरेको/ नगरेको तथा पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन तयार गरेको पाइएन। कार्यक्रम कार्यान्वयन पुस्तिकाले व्यवस्था गरेबमोजिम अनुगमन तथा प्रतिवेदन तयार गरिनुपर्दछ ।

४३ **बढी निकासा -** विद्यालयले अद्यावधिक गरेको IEMIS को विवरण अनुसार विद्यार्थी संख्या यकिन गरी स्वीकृत दररेटका आधारमा हिसाब गरी विद्यालयलाई अनुदान उपलब्ध गराउदा देहायका विद्यालयलाई IEMIS विवरण भन्दा बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | IEMIS को आधारमा हुनुपर्ने निकासा | निकासा रकम | बढी निकासा |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | माहादेबस्थान नि.मा.वि. | ३९८३५ | ४४२३९ | ४४०४ |
| २ | प्रभा मा.वि. | १३१८९७ | १३४१६४ | २२६७ |
| ३ | स्यार्तान नि.मा.वि | ९६५२ | १३८०२ | ४१५० |
| ४ | ज्ञानज्योति मा.वि. | २५२८११ | २८९८४७ | ३७०३६ |
| ५ | जीवनज्योति मा.वि. ३ | १०५४५९ | १११७१६ | ६२५७ |
| ६ | भच्चेक मा.वि. | ९०४५५ | ९६०७६ | ५६२१ |
| ७ | सितलडाँड प्रा.वि. | १६७८७ | २५८५२ | ९०६५ |
| ८ | हिमालय मा.वि. | २४५३७८ | २५१६७० | ६२९२ |
| ९ | जिवनज्योति मा.वि. ४ | १३८४६९ | १५९४२२ | २०९५३ |
| १० | चतुर्माला मा.वि. | १४८८६२ | १८८४२९ | ३९५६७ |
| ११ | ताराचन्द्र मा.वि. | ७९०४९ | ८३३५६ | ४३०८ |
| १२ | भालेढुङ्गा लछिम प्रा.वि. | १९०८५ | २३०९२ | ४००७ |
| १३ | झक्रपुरी प्रा.वि. | ९२६१ | १२३६५ | ३१०४ |
| | जम्मा | | | १४७०३१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४७,०३१ |

४४ **छात्रवृत्ति (गैरआवासीय) -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. ७.२.१.१ सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागी छात्रवृत्ती वापत अनुदान दिँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा विभिन्न विद्यालयहरुलाई रु ४४४८००।— छात्रवृत्ति अनुदान निकासा दिएको छ । उक्त छात्रवृत्ती रकम सम्बन्धित विद्यार्थीहरुले पाए नपाएको सम्बन्धमा निरीक्षण तथा अनुगमन गरी प्रतिवेदन गरिनुपर्दछ ।

४५ **बुक कर्नर -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.५० अनुसार शिक्षण सिकाइ सामाग्री तथा बुक कर्नर व्यवस्थापनका लागी प्रति विद्यार्थि लागतका आधारमा प्रारम्भिक बाल विकासका विद्यार्थीका लागी प्रतिविद्यार्थी वार्षिक रु ५००, १-५ का विद्यार्थीका लागी प्रति विद्यार्थी वार्षिक रु १५०, ६-१० का विद्यार्थीका लागी वार्षिक रु २०० र ११-१२ का विद्यार्थीका लागी वार्षिक रु २५० का दरले अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष विद्यालयमा आधारभूत सिकाइ वातावरणको प्रबन्ध गर्न, विद्यालयको सामान्य मर्तत सम्भार गर्न, वैकल्पिक सिकाइको प्रबन्ध गर्न तथा प्रारम्भिक बाल

बिकास मा शिक्षण सामाग्री व्यवस्थापन गर्ने गरी पालिका भित्रका विद्यालयहरुलाइ रु ५७०४०० अनुदान निकासा भएको पाइयो । विद्यालयहरुलाइ दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा प्रत्येक कक्षा कोठामा बुक कर्नर स्थापना भए नभएको अनुगमन भएको पाइएन । पालिकाले अनुगमन गरी बुक कर्नर स्थापना गरे नगरेको यकिन गरिनुपर्दछ ।

४६ **दिवा खाजा -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.११.१ मा तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान निकासा गर्दा आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा समावेश भएको प्रारम्भिक बाल विकासदेखी कक्षा ६ सम्मको विद्यार्थी संख्यालाई आधार मानी प्रति विद्यार्थी दैनिक रु. १५ का दरले अधिकतम १८० दिनका लागी रकम निकासा गर्ने व्यवस्था रहेको छ । त्यस्तै, प्रत्येक चौमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्ने, स्थानीय तहबाट दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन गर्ने तथा सबै सामुदायिक विद्यालयलमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आ. व २०७९।८० मा दिवा खाजाका लागी पालिका भित्रका विभिन्न २६ वटा विद्यालयलाई विभिन्न गोश्वारा भौचरबाट रु. ४०७२४१५ निकासा गरेको छ । विद्यालयलाइ दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन । पालिकाले अनुगमन निरीश्रण गरि कार्यक्रम कार्यान्वयनको प्रगती तथा तोकिएबमोजिमको मार्गदशन अनुसार खाजाको मापदण्ड, गुणस्तर लगायतका समग्र कार्यको बील भरपाई संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

४७ **शिक्षण सहयोग अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.४० माध्यामिक तह कक्षामा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अन्तर्गत शून्य दरबन्दी र १ मात्र दरबन्दी भएका विद्यालयलाई न्यूनतम २ शिक्षक बरावर अनुदान दिने, त्यस्तै क्रियाकलाप नं. २.७.१३.४१ मा आधारभूत तह कक्षामा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अन्तर्गत शून्य दरबन्दी भएका विद्यालयलाई न्यूनतम १ शिक्षक बराबरको अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । अनुदान उपलब्ध गराउदा शिक्षक नियुक्ती, विद्यालयमा हाजिर भएको प्रमाणित हाजिर तथा तलब बुझेको भरपाइ संलग्न गरी प्राप्त माग फारमका आधारमा अनुदान निकासा दिनु पर्दछ । कार्यालयले विभिन्न विद्यालयलाई शिक्षण सिकाई अनुदान रु.४१,७१,४५० निकासा गर्दा प्रमाणित हाजिर र सोका आधारमा माग फारम पेश गरेको पाइएन । प्रमाणित हाजिर बिना तलब भत्ता भुक्तानी गर्दा विद्यालय छोडेका वा नँया नियुक्ती लिएका शिक्षकको घटी बढी निकासाको सम्बन्धमा यकिन हुन सकिएन ।

४८ **कार्यसम्पादनमा आधारित अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१३ अनुसार कक्षा ८, कक्षा १०, र कक्षा १२ को नतिजा, शिक्षक उपस्थिति, विद्यार्थी संख्या, सिकाई उपलब्धि, विद्यार्थी कक्षा छाड्ने दोहोर्याउने दर, विद्यालय बाहिरका बालबालिकाको संख्यात्मक अवस्था जस्ता आधारमा उत्कृष्ट उपलब्धि भएको एक विद्यालयलाई प्रस्तावका आधारमा एकमुष्ट २ लाख शैक्षिक गुणस्तर सुदृढीकरण एवंम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । उक्त अनुदान प्रस्तावका आधारमा विद्यालयले सिकाइ उपलब्धिमा थप वृद्धि गर्न र आफ्ना असल

अभ्यासहरु न्यून सिकाइ उपलब्धि भएका विद्यालयहरुलाई अनुभव आदान प्रदान गर्नका लागी प्रवर्तनात्मक क्रियाकलाप संचालन गर्न खर्च गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले यस शिर्षकबाट प्रस्ताव बेगर नै बिभिन्न ९ विद्यालयलाई दामासाहिमा रु ४५०००० वितरण गरेको तथा उक्त रकम विद्यालयहरुले के कस्तो क्रियाकलाप संचालन गर्न प्रयोग गरेको हो सो को अनुगमन तथा प्रतिवेदन समेत पेश हुन आएन । कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको भन्दा फरक गरि कार्यक्रम संचालन गर्दा उत्कृष्ट सिकाई उपलब्धि भएको विद्यालयले थप सिकाई उपलब्धि वृद्धि गर्न नसक्ने तथा असल अभ्यास आदानप्रदान नहुने सम्भावना रहन्छ । प्रस्ताव तथा मापदण्ड वेगर गरेको खर्च रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,५०,००० |

४९ **सेनिटरी प्याड -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.२३ अनुसार सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड व्यवस्थापनका लागी ६-१२ सम्मका छात्राहरुको विवरण यकिन गरी विद्यालयले स्थानीय तहमा प्रति विद्यार्थी अनुदान माग गर्ने र स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा स्थानीय तहले सोकार्यमा भएका कार्यहरूको प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष सेनिटरी प्याड खरिद गरेको छैन । यस सम्बन्धमा छलफल गर्दा पालिकाले गत आ.व मा खरिद गरी मौज्दात रहेको सेनिटरी प्याड वितरण गरेको जवाफ दिएको छ । मौज्दातमा रहेको सेनिटरी प्याड वितरण गर्दा सेनिटरी प्याड (वितरण र व्यवस्थापन) कार्यविधि, २०७६ ले तोकेअनुसारको गुणस्तरमा भए नभएको यकिन हुने आधार तथा वितरण र प्रयोगको अवस्थाको अनुगमन तथा विद्यालयले सोकार्यमा भएका कार्यहरुको प्रतिवेदन तयार गरेको पाइएन । कार्यविधि तथा कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेबमोजिम अनुगमन प्रतिवेदन गरिनुपर्दछ ।

५० **तलबी प्रतिवेदन -** नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८क (५) मा जिल्लास्थित कार्यालयका कर्मचारीको सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई तलब भत्ता भुक्तानी गर्नु व्यवस्था रहेको छ । कार्यालयले स्वास्थ्य तर्फका २५ जना कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी आ.व. २०७९/८० मा रु १६९५८८३५।८० तलब भत्ता भुक्तानी गरेको पाइयो । जसबाट कर्मचारीहरुलाई नियमानुसार नै तलब भत्ता भुक्तानी दिएको स्पष्ट हुन नआएकोले तलबी प्रतिवेदन पारित गरि बढी भुक्तानी भएको तलब ग्रेड, थप ग्रेड तथा भत्ता भुक्तानी देखिएमा असुल गर्नुपर्दछ । नियमानुसार तलबी प्रतिबेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी गर्ने तर्फ ध्यान दिनुपर्ने देखियो ।

५१ **बढी भुक्तानी**

.......... ***(प्रारम्भिक प्रतिवेदन उपर बढी भुक्तानी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२४ को निर्णयबाट रु.५,००० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५२ **परामर्श तथा डि पि आर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| **कार्यविवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** |
|---|---|---|---|
| दरौंदी र चेपेखोला नदिजन्य पदार्थ IEE | चन्द्र सूर्य इन्जिनियरीङ प्रा लि | ४००००० | ३९५५०० |
| काफलडाँडा बुधसिंहटार चेपे सडक | स्वप्न कन्सल्ट प्रा लि | ५००००० | ४५९२५१ |
| सिरानडाँडा सिस्ने अपून रोड सेक्सन | सिबु इन्जिनियरीङ कन्सलटेन्सी एण्ड कन्स्ट्रक्सन | ५००००० | ४९८१९४ |
| मुच्चोकटार झ्याल्लाभूमे भच्चेक सस रोड सेक्सन | मोनोटेक इन्जिनियरिङ्ग कन्सल्ट प्रा.लि. | ५००००० | ४९९६९६ |
| यातायात गुरुयोजना | द्वारिका इन्जिनियरिङ & कन्स्ट्रक्सन सप्लायर्स प्रा. लि. | १०००००० | ९,८३,१०० |
| जग्गा वर्गीकरण | आर्क एड प्लानर्स एण्ड डेभ्लोपर्स प्रा. लि. | १०००००० | ९,७९,८२३ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

५३ **बीमा नगराएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को १२ औं संशोधन मिति २०७९।०३।२० पश्चात उपभोक्ता समितिबाट रु. २० लाख भन्दा बढीको निर्माण कार्य गराउँदा अनिवार्य रूपमा बीमा गराउनुपर्ने व्यवस्था रहेको छ । राम्चे सडक स्तरोन्नति कार्यको लागि रु. २१,००,००० बजेट व्यवस्था भई रु.३३,९४,४३०।३६ को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा सो कार्यको बीमा गरेको पाइएन । नियममा भएको व्यवस्था पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५४ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| **क्र.सं** | **विद्यालयको नाम** | | **पदपूर्ती** | |
|---|---|---|---|---|

| | | शिक्षक दरबन्दी | स्थायी | अस्थायी/करार | राहत/अनुदान | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | धनशिरामा.वि. | १२ | ५ | १ | ६ | १३६ |
| २ | माहादेबस्थाननि.मा.वि. | ७ | ४ | २ | १ | ७१ |
| ३ | मिलिमप्रा.वि. | ६ | २ | ३ | १ | ४१ |
| ४ | देवलस्वाँराप्रा.वि. | ३ | १ | १ | १ | २५ |
| ५ | प्रभामा.वि. | १० | ८ | २ | ० | १७७ |
| ६ | स्यार्तानिनि.मा.वि | ४ | ३ | १ | ० | २४ |
| ७ | वलाङप्रा.वि. | ४ | ३ | १ | ० | ७० |
| ८ | बौद्धहिमालीप्रा.वि. | २ | २ | ० | ० | २३ |
| ९ | भानुज्योतीप्रा.वि. | ० | ० | ० | ० | ० |
| १० | ज्ञानज्योतिमा.वि. | १८ | १४ | ३ | १ | ३२८ |
| ११ | जीवनज्योतिमा.वि. ३ | १४ | ८ | ० | ६ | १४१ |
| १२ | भच्चेकनि.मा.वि. | ८ | ५ | ० | ३ | १४० |
| १३ | बुद्धज्योतिनि.मा.वि. | ४ | २ | १ | १ | ३३ |
| १४ | सितलडाँडप्रा.वि. | ३ | २ | ० | १ | ३२ |
| १५ | हिमालयमा.वि. | १८ | १२ | ३ | ३ | ३३७ |
| १६ | जिवनज्योतिमा.वि. ४ | ११ | ७ | ० | ४ | १९४ |
| १७ | चन्द्रकलाप्रा.वि. | ४ | ४ | ० | ० | ४२ |
| १८ | उमामहेश्वरप्रा.वि. | ३ | २ | ० | १ | ४३ |
| १९ | कालिकाप्रा.वि. | ३ | २ | १ | ० | २० |
| २० | देविस्थानप्रा.वि. | १ | १ | ० | ० | १८ |
| २१ | चतुर्मालाप्रा.वि. | १६ | ८ | ७ | १ | २०६ |
| २२ | ताराचन्द्रमा.वि. | १० | ९ | ० | १ | १०७ |
| २३ | मुच्चोकटारनि.मा.वि. | ६ | ४ | १ | १ | ९० |
| २४ | भालेढुङ्गालछिम प्रा.वि. | ३ | १ | २ | ० | ४१ |
| २५ | झक्रपुरीप्रा.वि. | ३ | ३ | ० | ० | २१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६ | जनप्रभातप्रा.वि. | २ | १ | ० | १ | २९ |
| | | १७५ | ११३ | २९ | ३३ | २३८९ |

उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विधार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा १४ जना विद्यार्थी पढाउनुपर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा गाँउपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

५५ **विवरण पेश नगरेको** (२८-२०८०-३-२४): नवीकरणीय उर्जा प्रविधि जडान कार्यका लागि आवश्यक सामग्री खरिद गरी रु.७,७३,९८६ खर्च लेखेकोमा सो कार्यको कार्यसम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन, खरिद सामाग्री दाखिला गरेको जिन्सी दाखिला प्रतिवेदन पेश नभएकोले पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,७३,९८६ |

५६ **बढी भ्रमण खर्च दिएको**

***(प्रारम्भिक प्रतिवेदन उपर बढी भुक्तानी भएको असुल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२४ को निर्णयबाट रु.१०,४०० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५७ **अनुगमन भ्रमण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार सरकारी रकम खर्च गर्दा स्वीकृत बजेट कार्यक्रम उपलव्ध श्रोतको उच्चतम प्रतिफल प्राप्त हुनेगरी मितव्ययिता कायम गर्दै खर्च गर्नु पर्ने उल्लेख छ साथै गाउँसभा समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन, २०७७ ले पनि स्थानीय तहको आन्तरीक श्रोतको समेत ख्याल राखि भ्रमण गर्नु पर्दछ । पालिकाले आषाढको अन्तिममा सबै वडा अध्यक्षहरुलाई अनुगमन भ्रमण खर्च वापत एकमुष्ट रु.२,६८,३८०। भुक्तानी गरेको छ यस्तो प्रकृतिका खर्चमा मितब्ययिताका साथै नियन्त्रण हुनु पर्दछ ।

५८ **खर्चको प्रमाण**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर विमा पोलिसि दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२४ को निर्णयबाट रु.२४००००। सम्परीक्षण गरिएको ।)*

५९ **घटी कर कट्टि -** आयकर ऐन, २०५८ को ८८ अनुसार सेवा शुल्क भुक्तानी गर्दा कर कट्टी गर्नुपर्ने ब्यवस्था छ । पालिकाले निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दा डा. गुणराज लोहनीलाई रु २५०००। भुक्तानी गर्दा १५ प्रतिशत ले रु.३,७५०। करकट्टी नगरेकोले नियमको पालना भएको पाईएन।तसर्थ नियमानुसार लाग्नेकर असुल गरी संघिय संचितकोषमा दाखिला गर्नु पर्ने रु..

*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२४ को निर्णयबाट रु.१५००।- सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,७५० |

६० **बढी भुक्तानी** (५६-२०८०-३-२२): आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार कुनै पनि भुक्तानी गर्दा रीत पुर्वक जाचि भुक्तानी दिनु पर्दछ । एकिकृत पाठ्यक्रम तालिम अन्तर्गत शिक्षा अधिकृत सिताराम पन्तले पेश्की फछ्यौंट गर्दा रु.१७७६३०। भुक्तानी गर्नुपर्नेमा रु १९७९६०। भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.२०३३०।असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,३३० |

६१ **अनुगमन प्रतिवेदन** (५६४-२०८०-३-२३): वैदेशिक रोजगारीबाट फर्किएका युवा युवतीका लागि लक्ष्यित गरी आफ्नै गाउमा केही गर्नु पर्दछ भन्ने उद्वेश्य राखि पालिकाले फर्क युवा कार्यक्रम मार्फत २० जना युवालाई उद्योग ब्यवसायमा प्रोत्साहन गर्न रु २५०००। का दरले रु ५०००००।अनुदान प्रदान गरेको छ। युवाहरुले उक्त अनुदान पश्चात ब्यवसाय प्रभावकारी रुपमा चलाए नचलाएको साथै कार्यक्रमको उद्वेश्य प्राप्त भए नभएको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्दछ।

६२ **दोहोरो भत्ता भुक्तानी**

*........... (प्रारम्भिक प्रतिवेदन उपर पाम्स दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२४ को निर्णयबाट रु.१,०५,६०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६३ **भुक्तानी प्रणाली -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लागग्राहीका सम्बन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । कार्यालयले लाभग्राहीको विवरण अद्यावधिक गरी निष्क्रिय खातामा रहेको बाकी रकम यकिन गरी संघीय संचितकोष दाखिला गरिनु पर्दछ ।

६४ **अनुगमन तथा सुपरिवेक्षण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन

गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्ने उल्लेख छ। बैंकबाट भत्ता वितरणको स्टेटमेन्ट प्राप्त गरी अनुगमन समितिले वास्तविक लाभग्राहीले भत्ता पाए नपाएको, मृत्यु भएकालाई भुक्तानी भए नभएको एकिन गर्नुपर्दछ।

६५ **पारदर्शिता -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ मा भत्ता प्राप्त गर्नेहरुको विवरण स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा गाँउकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। पालिकाबाट निकासा गरीएको भत्ता यथार्थपरक छ भन्न सकिएन ।

६६ **लाभग्राहीको अभिलेख -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची- ३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानिय तह र प्रत्येक वडा कार्यालयमा राख्नु पर्ने उल्लेख छ । त्यस्तै दफा ११ मा लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, बालबालिकाको हकमा सामाजिक सुरक्षा भत्ता पाउने उमेर (६० महिना) पुरा भएमा, लाभग्राहीले बसाई सरी गएमा तथा भत्ता पाउने लाभग्राहीको विवरण दोहोरो प्रविष्ठ भएमा कार्यालय प्रमुखबाट निर्णय गराइ प्रणालीबाट लगत कट्टा गरी स्थानिय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने उल्लेख छ । यसरी लाभग्राहीको लगत कट्टा गरी प्राप्त अद्यावधिक विवरणका आधारमा मात्र कार्यालयले सम्बन्धित लाभग्राहीको खातामा सामाजिक सुरक्षाबापतको रकम जम्मा गर्नुपर्दछ । कार्यालयले लाभग्राहीको खातामा रकम जम्मा गर्न बैंकमा फरवार्ड फिड पठाएतापनि बैंकबाट लाभग्राहीको खातामा जम्मा गरेको रकम सहितको रिभर्स फिड उपलब्ध गराएको छैन । यसबाट लागभ्राहीको खातामा कति रकम जम्मा भएको हो र कति रकम जम्मा हुन नसकेको हो भन्ने एकिन हुन सकिएन । पालिकाले दोहोरो अभिलेख तथा बढी निकासाको सम्बन्धमा यकिन गरी दोहोरो तथा बढी निकासा भएको भए असुल गर्नुपर्दछ ।

अनुसूची - १

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : अजिरकोट गाउँपालिका, गोरखा ,

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | भेष राज आचार्य | २०७८-४-१ | २०७९-११-२३ |
| कार्यालय प्रमुख | नवराज अवस्थी | २०७९-११-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | ARJUN RIJAL | २०८०-११-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सरिता डुम्रे | २०७६-९-१ | २०८०-११-९ |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६८५,९३६.०७ | १,५१२,३४० | ४,११३,९८६ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६,३१२,२६२.०७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ६२०,१०५ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५,६९२,१५७.०७ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १४९७२०२३६.१९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०११७५२२५.६५ | **चालु खर्च** | ३८१२९७७७८.८२ |

| | | | |
|---|---|---|---|
| **प्रदेश सरकारबाट अनुदान** | १६४०९३५२ | **पूँजीगत खर्च** | १६५९४३३७५.२२ |
| **राजश्व बाँडफाँट** | ७१४१८२२१.२३ | **वित्तीय/अन्य व्यवस्था** | १४१२२७३२.७४ |
| **आन्तरिक आय** | ४७३०७३२.० | | |
| **अन्य आय** | ५३३८६८३.० | | |
| **कुल आय** | ४९९०७२२१३.८८ | **कुल खर्च** | ५६१३६३८८६.७८ |
| **बाँकी मौज्दात** | | ८७४२८५६३.२९ | |